नीलकण्ठ नगरपालिका

# नगर कार्यपालिकाको कार्यालय

धादिङ बेसी, धादिङ

बागमती प्रदेश, नेपाल

पत्र संख्या: २०८२/०८३ च.नं. मितिः २०८२/१२/१८

**वैदेशिक रोजगार सन्तती छात्रवृत्ति सहायताका लागि निवेदन पेश गर्न म्याद थपिएको बारेको सूचना**

सूचना प्रकाशन मितिः२०८२/१२/१८

वैदेशिक रोजगार वोर्डको सचिवालय, ववरमहल, काठमाडौको मिति २०८२/१२/१६ गते प्रकाशित सूचना अनुसार वैदेशिक रोजगार सन्तती छात्रवृत्तिका सम्बन्धमा वैदेशिक रोजगार सन्तती छात्रवृत्ति निर्देशक समितिको मिति २०८२/१२/१६ गतेको बैठकको निर्णय बमोजिम छात्रवृत्तिका लागि निवेदन पेश गर्ने म्याद मिति २०८३ बैशाख ६ गते आइतवारसम्मका लागि थप गरिएको सूचना प्रकाशित गरिएको छ। म्याद थप गरिएको अवधि भित्र वैदेशिक रोजगार सन्तती छात्रवृत्ति सहायताका लागि निवेदन दिनका सरोकारवालाहरुको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ। साथै, मिति २०८२/१२/१५ गते सम्म वैदेशिक रोजगार बोर्डको सचिवालयबाट अंगभंग वा गम्भीर बिरामी तथा मृत्यु भई शत प्रतिशत आर्थिक सहायता प्राप्त गरेका श्रमिकका परिवारले समेत आवेदन दिन सक्ने व्यहोरा सूचित गरिन्छ।

**निवेदन साथ पेश गर्नु पर्ने आवश्यक कागजातहरुः**

क) श्रमिकको राहदानीको प्रतिलिपि वा राहदानी खुल्ने कागजात,

ख) छात्र/छात्रा वा निवेदकको नागरिकताको प्रमाणपत्रको प्रतिलिपि र बैंक खाता,

ग) श्रमिकको मृत्यु दर्ताको प्रमाणपत्र र श्रमिकको अंगभंग वा गम्भीर बिरामी भएको प्रमाणित गर्ने मान्यता प्राप्त चिकित्सकको प्रमाणको प्रतिलिपि,

घ) छात्र/छात्रा र श्रमिक बीचको नाता प्रमाणित प्रमाणपत्रको प्रतिलिपि,

ङ) सम्बन्धित स्थानीय तहको सिफारिसको प्रतिलिपि,

च) श्रमिक करार अवधिभित्रै अंगभंग वा गम्भीर बिरामी भई समस्यामा परी स्वदेश फर्केको खुल्ने कागजात,

छ) निवेदकको जन्म दर्ता प्रमाणपत्रको प्रतिलिपि।

थप जानकारीको लागि

०१०५२०५६८/९८४३७९४२२२, रोजगार सेवा केन्द्र, नीलकण्ठ नगरपालिका धादिङ

११४१, श्रमधान कल सेन्टर

नि. प्रमुख प्रशासकीय अधिकृत